**बेसीशहर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**बेसीशहर, लमजुङ**

## *नगर प्रहरी भर्ना सम्बन्धी सूचना*

(प्रथम पटक सूचना प्रकाशित मिति :- २०७५/०७/०८)

यस बेसीशहर नगरपालिकाले आफ्नो क्षेत्र भित्र शान्ति सुव्यवस्थामा सहयोग पु¥याउन तथा नगरवासीको नगरलाई स्वच्छ र सफा राख्ने चाहाना परिपूर्ति गर्न तथा बजार व्यवस्थापन, निर्माण कार्यलाई सुव्यवस्थित तुल्याउन नगर प्रहरीको आवश्यकता परेकोले स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ दफा ११ को २ (क) ले दिएको अधिकार प्रयोग गर्दै बेसीशहर नगरपालिकाको नगर प्रहरी नियमावली २०७५ बमोजिम तपशिल बमोजिमका पदहरु खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले इच्छुक उमेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा दरखास्ता फारम भरी यस कार्यालयको प्रशासन शाखामा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| सि.नं | पद/तह | आवश्यक संख्या | खुला | समावेशी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | जनजाती | दलित | |
| १. | प्रहरी सहायक निरीक्षक/चौथो तह | १ | १ | | | | |
| २. | प्रहरी हवल्दार/तेस्रो तह | २ | १ | १ | | | |
| ३. | प्रहरी जवान/दोस्रो तह | ७ | ३ | २ | १ | १ | |
| | जम्मा माग पद संख्या | १० | ५ | ३ | १ | १ | |

**पूनश्च : अन्य विषय देहाय बमोजिम हुनेछ ।**

क) सेवाको किसिम : करार सेवा

ख) दरखास्त दिने अन्तिम मिति र स्थान : सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र/ विदा परे त्यसको भोलीपल्ट

ग) दरखास्त दस्तुर : रु १०० (एक सय रुपैयाँ मात्र)

घ) परिक्षा दस्तुर : रु २५० (दुईसय पचास मात्र)

ङ) आवश्यक न्यूनतम शैक्षिक योग्यता :

- नगर प्रहरी सहायक निरिक्षक वा सहायक स्तर चौथो तह : एस.एल.सी. वा सरह उर्तिण गरी सेना वा प्रहरीमा सोही स्तर वा माथिल्लो स्तरको सेवाबाट निवृत्ति भएका वा उपदान लिएर राजिनामा गरेका वा सो क्षेत्रमा तालिम प्राप्त गरी ४५ वर्ष उमेर ननाघेको ।
- प्रहरी हवल्दार वा तेस्रो तहका : एस.एल.सी. वा सो सरह उर्तिण गरी सेना वा प्रहरीमा सोही स्तर वा माथिल्लो स्तरको सेवाबाट निवृत्ति भएका वा उपदान लिएर राजिनामा गरेका वा सो क्षेत्रमा तालिम प्राप्त गरी ४५ वर्ष उमेर ननाघेको ।
- नगर प्रहरी जवान वा दोस्रो तह : आधारभुत शिक्षा वा सो सरह उर्तीण गरी १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको ।
- नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत्त भएका वा उपदान सेवा लिई राजिनामा गरेका वा राजिनामा गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईने छ ।
- महिला तर्फको पदका लागि सेवा निबृत सेना वा प्रहरीबाट दरखास्त पर्न नआएमा न्यूनतम शैक्षिक योग्यता पुरा भएका र अन्य कुनै सुरक्षा कार्यमा खटिइ तालिम प्राप्त अनुभविलाई लिन सकिनेछ ।

च) पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु

- ✓ नेपाली नागरिकताको प्रमाण पत्र
- ✓ शैक्षिक योग्यताको प्रमाणपत्र
- ✓ सेवा निबृत सेना वा प्रहरीको हकमा सेवा निबृत भएको प्रमाणपत्र
- ✓ राजिनामा वा उपादान लिइ सेवा निबृत भएका प्रहरी वा सेनाको हकमा आफुले नियुक्ति लिएको पदको नियुक्ती पत्र वा सेवा अवधि प्रमाणित हुने कागजात
- ✓ नेपाल सरकारको कुनै सुरक्षा कार्य तथा कुनै संगठनको सुरक्षा कार्यमा खटिइ अनुभव प्राप्त गरेको भए सो को प्रमाण पत्र

छ) सम्पर्क मिति र स्थान : सम्पर्क मिति र परिक्षा तालिका दरखास्त भर्ने अन्तिम मितिका दिन तोकिनेछ/ सम्पर्क स्थान वेसीशहर नगर कार्यापालिकाको कार्यालय, प्रशासन शाखा

ज) परिक्षाका तरिकाहरु :

- ❖ शारिरीक तन्दुरुस्ती
- ❖ लिखित परीक्षा

भीमप्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत

❖ अन्तरवार्ता

झ) सेवा सुविधा : नगरपालिकाले तोके बमोजिम हुने

ञ) अन्य शर्तहरु :

- माथि उल्लेखित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले एउटा पदका लागी समावेशी वा खुलातर्फ दरखास्त दिन सक्नेछन । सवै उमेदवारले सवै पदका लागि उमेदवार हुन पाइने छैन ।
- दरखास्त पेश गर्ने व्यक्तिले प्रत्येक समावेशी समूहका पदका लागी परिक्षा दस्तुरको थप ५० प्रतिशत रकम दस्तुर बुझाउनु पर्नेछ ।
- दरखास्त फारम लोकसेवा आयोगको वेभ साइटबाट डाउनलोड गरी वा नगर कार्यपालिकाको कार्यालय प्रशासन शाखाबाट उपलव्ध हुनेछ ।
- लिखित परिक्षाको पाठ्यक्रम पदपूर्ति समितिले तोके बमोजिम हुनेछ र सो पाठ्यक्रम नगरपालिका कार्यालयको प्रशासन शाखाबाट उपलव्ध हुनेछ ।
- अन्य विषयका सम्वन्धमा नगरपालिकामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

पदपूर्ति समिति

बेसीशहर नगरपालिका, लमजुङ